गुल्मी जिल्ला मुसिकोट नगरपालीका वडा नं. ४ निवासी **कर्णवहादुर नेपालीमाथि** भएको कुटपीट तथा जातीय विभेद सम्बन्धी गरिको स्थलगत अध्ययन प्रतिवेदन
श्रावण, २०७४



## प्रतिवेदक

**राष्ट्रिय दलित आयोग**

**दलित राजनैतिक संघर्ष समिति**

**दलित नागरिक समाज**

**विषयसूची**


१. घटनाको पृष्ठभूमिः ३

२. स्थलगत अध्ययनको उद्देश्य ४

३ अध्ययन टोलीका सदस्यहरू ४

४. तथ्य सङकलन विधि ४

५. घटनासँग सम्बन्धित सरोकारवालाहरूको भनाई ५

१. जिल्ला प्रशासन कार्यालय तम्घा गुल्मीको भनाईः ५

५.१.१ कोसलराज शर्मा सहायक प्रमुख जिल्ला अधिकारी ५

५.१.२ महेन्द्र नेपाल, प्रहरी उपरिक्षक(डीएसपी), गुल्मी जिल्ला ५

५.१.३ लक्ष्मण उपाध्यय/घिमिरेः जिल्ला सरकारी वकिलको कार्यालय ६

ख) जिल्ला स्थित राजनैतिक दल र नागरिक समाजसँग गरिएको छलफलः ६

५.२.१ कृष्ण सुनार, मुक्ति समाज गुल्मीः ६

५.२.२ धर्मा विक, दलित मुक्ति मोर्चाः ६

५.२.३ कमला वराल, दलित महिला संघ, गुल्मीः ७

५.२.४ कृष्ण कार्की, पीडक मध्येका एकः ७

५.२.५ झविलाल भण्डारी, स्थानीय शिक्षकः ७

५.२.६ गणेश ठकुरी, स्थानीय पसले ७

५.२.७ टेकवहादुर कार्की, पीडक शोभा कार्कीका श्रीमान र कृष्ण कार्कीका वुवाः ८

५.२.८ केशरवहादुर विक, स्थानीय वासीः **८**

५.२.९ ओमवहादुर सिंह ठकुरी, प्रत्यक्ष दर्शीः ८

५.२.१० पूर्ण गिरी स्थानीय वासीः ८

५.२.११ सुमित्रा नेपाली, पीडितको श्रीमतिः ९

६.स्थलगत भ्रमणका क्रममा भेटिएका तथ्यहरू : ९

७. घटनासँग आकर्षित कानूनहरू ९

८. निष्कर्ष १०

९.सुझाव १०

१० अनुसुचिहरु ११

## १. घटनाको पृष्ठभूमिः

गुल्मी जिल्ला मुसिकोट नगरपालीका वडा नं. ४ निवासी वर्ष ४२ का कर्णवहादुर नेपाली(सार्की) सामान्य ज्याला मजदुरी गर्ने व्यक्ति भएको गाउँलेहरुको भनाई अनुसार थाहा भयो । कर्णवहादुर सधै मेलापात जाने र अरुको भारी वोकेर जीविका चलाउदै आइरहेका थिए । स्थानीय चुनाव भन्दा अगाडी यिनै पीडक शोभा कार्कीको किराना पसलको समानहरु वसारपासर गर्ने काम पनि गर्दथे । स्थानीय चुनावमा फरक दलमा भोट हालेको कारण शोभा कार्कीले उनलाई काम नदिएको पनि अध्ययनका क्रममा देखिन्छ तर कर्णबहादुर भने शोभा कार्कीको घरमा सधै जाने, चिया, पानी र कहिले काँहि मादक पदार्थ पनि सेवन गर्ने गरेको देखिन्छ ।

मिति २०७४ असाढ २४ गतेका दिन पीडित कर्ण वहादुर नेपाली विहानै मिठु नेपालीको चामल लिनको लागि वजार तिर गएका थिए । मिठु नेपालीले चामल ल्याए वाफत एक गिलास रक्सी खानु भनेर केहि रकम दिएका थिए । उनी चामल वोकेर शोभा कार्कीको पसलमा गए त्याँहा उनले तीन गिलास रक्सी खाएको देखिन्छ । रक्सी खाएर कर्णवहादुर चामल वोकेर हिड्न लाग्दा साउनी शोभा कार्कीले रक्सी खाएको गिलास धुन भनिन तर कर्णवहादुरले यो चामल मिठु नेपालीको घरमा छोडेर गिलास धुन्छु भने तर साउनीले यी दमाई सार्कीले खाएको गिलास कस्ले धुन्छ, खुरुक्क अहिले नै यी गिलास धोएर जाउ भने पछि फेरी कर्णवहादुरले एक छिन पछि म यो चामल वोक्न सक्दिन म आएर धुन्छु भने पछि साउनीले ना ना थरी गाली गर्न थाले पछि कर्णवहादुर आफुले खाएको भाँडाहरु धुन लागे । यत्तिकैमा साउनी शोभा कार्की भाडा धोइरहेको कर्णलाई यी दमाई सार्कीहरु ज्यादै वढि भएका छन भनि पछाडीबाट लौरोले हाने पछि कर्णवहादुर पानीको भाँडा(वाँटा)मा लड्न पुगे । पानीमा लडेपछि पानी चारैतिर पोखियो र उनले यसले मेरो घरको सवै समना छोयो भन्दै लौरोले कुट्न थालीन । मेला जान थालेकी राधिका सिहं ठकुरी, मुना गिरी र लक्ष्मी गिरीले यो सवै दृष्य देखेपछि कर्णको श्रीमति सुमित्रा नेपालीलाई भनिदिईन । यो कुरा सुनेपछि सुमित्राले मेलामा काम गरिरहेका दिदि वहिनीहरुलाई एकछिन म कार्कीका पसलको भाडा धोएर आउछु भनि विदा लिएर आएकि थिईन तर यतिवेला सम्म कर्णलाई साउनी शोभा कार्कीले लौराले हानेर हिड्न नसक्ने वनाई सकेकि थिइन । श्रीमति सुमित्रा नेपाली, धर्मापाल कटवाल्ली र गणेश खत्रीले वोकेर ओमवहादुर सिंह ठकुरीको घर वाहिर सुताएका थिए भने उता शोभा कार्कीले आफनो छोरा कृष्ण कार्कीलाई कर्णेले मलाई हातपात गर्न खोज्यो र रछ्यानमा भएको पानीमा पिसाव गरिदियो भनि कुरा लागाए पछि आफनो मोटरसाइकलमा गुण्डा शैलीमा गाँउका प्रत्येक घर घरमा गएर कर्णेको खोजी गर्न थाल्यो । जव उसले ओमवहादुर सिंह ठकुरीको घरमा कर्णे रहेको थाहा पाए पछि अन्धाधुन्द तरिकाले निर्घात कुटपीट गर्‍यो । सुतिरहेको मान्छेलाई एक्कासी कुट्न सम्म कुटयो । लात, लाठी र वुटले कुटन सम्म कुटयो । कर्णले हात जोडेर जीवनको भिख माग्दा सम्म पनि उसले कुटन छोडेन त्यहाँ कुनै पनि मान्छे छुट्याउन कोहि पनि थिएनन । रगतको भेल नै वगे पछि मरिसक्यो भनेर छोडेको देखिन्छ ।

अचेत अवस्थामा रहेका कर्णवहादुर नेपालीलाई वेलुकी मात्र गाँउका भद्रभलादमीहरुले औषधी उपचारको लाीग सदरमुकाम लिन आग्रह गरे त्यहि समयमा पूर्ण गिरीले यसरी किन कुटेको भन्दा पीडक कृष्ण कार्कीले अझै वढी नवोल एउटालाई मार्दा पनि जेल जाने हो तिम्रो पनि यसै हालत होला भन्न थाल्यो । यसलाई जस्ले औषधी उपचार गर्न लिन्छ उनीहरु कसैलाई पनि नछाड्ने धम्कि समेत दिएको छ ।  उसले आफनो दलका मान्छेहरुलाई वोलाएर ठुलो भिड जम्मा गर्‍यो । कसैले पनि यसलाई सदरमुकाम सम्म लिन पाउदैन भन्दै सवैलाई मार्ने धम्की दिन थाले पछि केहि महिलाहरुले कर्णवहादुरलाई वोकेर वजार सम्म ल्याए तर वजारमा नै कृष्णका मान्छेहरुले ती महिलाहरुलाई हातपात गरे जति हातपात गरे पनि मान्छे मर्न दिन हुदैन भन्दै महिलाहरु अगाडी वढेको देखिन्छ । कृष्णका मान्छेहरुले तीन ठाँउमा ठुलो अवरोध गर्दा पनि उनीहरुले कर्णवहादुरलाई गाडीमा राखेर सदरमुकाम सम्म पठाए र अहिले पिडीत कर्णवहादुर नेपालीको सातवटा करङ्ग भाँचिएको र उनी भैरहवामा उपचार गरिरहेको पाइयो ।

सो घटनाका सम्बन्धमा मिति २०७४ असाढ २६ गते जिल्ला स्थित विभिन्न राजनैतिक दलका भातृनिकायहरु र पत्रकारको वैठकले उक्त घटनाको विरुद्धमा संघर्षका कार्यक्रम गर्ने निर्णय गरेको थियो । उक्त घटनाका वारेमा विभिन्न मिडिया तथा सामजिक संजालहरुमा आए पछि स्थानीय पत्रकारहरुको समन्वयमा राष्टिय स्तरबाट उक्त घटनाको सत्य तथ्य पत्ता लगाउनको लागि राष्टिय दलित आयोग र समता फाउण्डेशनको अगुवाईमा दश सदस्यीय अध्ययन टोली मिति २०७४ श्रावण ५,६,७,८ गते गुल्मी जिल्लास्थित पीडित पीडक पक्षहरुको घरका सदस्यहरु, स्थानी वासीन्दा

छरछिमेक, प्रत्यक्ष दर्शी तथा घटनास्थल लगायतका स्थानमा स्थलगत भ्रमण गरी सरोकारवाला निकाय, स्थानीय बासिन्दा सँग छलफल तथा स्थलगत अवलोकनका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

**२. स्थलगत अध्ययनको उद्देश्य :**

- घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।
- अपराधिलाई हदैसम्मको कानुनी कारबाही र पीडितलाई न्यायको लागि सम्बन्धित निकायमा पहल एवं सिफारिस गर्ने ।
- घटनाका विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने ।
- यस प्रकारका घटनाहरु समाजमा नदोहोरिनको लागि राज्यको ध्यानाकर्षण गर्ने ।

**३ अध्ययन टोलीका सदस्यहरू**

## राष्ट्रिय दलित आयोग

माननीय मञ्जित ताम्रकार, सदस्य, राष्टिय दलित आयोग

रामबहादुर विश्वकर्मा, कार्यक्रम अधिकृत, राष्टिय दलित आयोग

युवराज दर्नाल, दलित गैरसरकारी संस्था महासंघ

प्रदिप वज्राचार्य, आदिवासी जनजाती उत्थान प्रतिष्ठान

## संयुक्त राजनैतिक दलित संघर्ष समिति

टीकाराम दियाली, संयोजक, संयुक्त राजनैतिक दलित संघर्ष समिति

परशुराम रम्तेल, सह संयोजक राष्टिय दलित मुक्ति मोर्चा/पुर्व सभासद

गणेश विश्वकर्मा : महासचिव, मुक्ति समाज नेपाल तथा राष्ट्रिय दलित नेटवर्क

## दलित नागरिक समाज

शिवजी गायक, जागरण मिडिया सेन्टर

रवि विश्वकर्मा, नेपाल राष्टिय दलित समाज कल्याण संघ

गोपाल नेपाली, समता फाउण्डेशन

**४. तथ्य सङ्कलन विधि**

- घटनास्थलको अध्ययन तथा अवलोकन
- घाइतेका परिवार तथा आफन्तहरूसँगग भेटघाट तथा छलफल
- घटनाका सम्बन्धमा प्रकाशित सामाचार तथा अन्य सामाग्रीहरूको अध्ययन
- घटनामा प्रत्यक्ष पीडित व्यक्तिहरू, प्रत्यक्षदर्शीहरू र स्थानीय गैरदलित समुदायका व्यक्तिहरूसँग भेटघाट तथा कुराकानी

- स्थानीय प्रशासन, प्रहरी प्रशासन, दलित नागरीक समाज, सञ्चारकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँग छलफल
- पीडक शोभा कार्की र कृष्ण कार्कीका अविभावक तथा आफन्तहरुसँग भेटघाट/छलफल

## ५. घटनासँग सम्बन्धित सरोकारवालाहरूको भनाइ :

(क) गुल्मी जिल्लाका सरोकारवालाहरूसँग गरिएको छलफलमा उनीहरूको भनाइः

### १. जिल्ला प्रशासन कार्यालय तम्घा गुल्मीको भनाईः

### ५.१.१ कोसलराज शर्मा सहायक प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय गुल्मी यस घटनाका विषयमा ज्यादै नै गम्भिररुपमा लागि परेको छ। जिल्ला प्रहरी कार्यालय गुल्मीले पनि आवश्यक अनुसन्धान गरिरहेको जानकारी पाएका छौ । यो घटनाको मुलकारण भनेको रक्सी हो पीडित कर्णवहादुर नेपालीले अलि धेरैमात्रमा रक्सी खाएको र पसलको भित्र नै पिसाव गरेको कारण साउनी शोभा कार्कीले लाठी प्रयोग गरेको जानकारी आएको छ। यसै विषयलाई लिएर जिल्ला स्थित समन्वयन समितिको वैठक वसी सो घटनको अनुगमन गर्ने विषयमा कुरा पनि भैरहेको छ। यो घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भैसकेको छ र नेपाल प्रहरीले अनुसन्धान गरिरहेको छ । मुद्दा दर्ता भै नै सकेको हुदा यसमा जिल्ला प्रशासन कार्यालय पीडकलाई हदै सम्मको कार्यवाहीको लागि कटीवद्ध रहेको छ। हाम्रो काम भनेको शान्ति सुरक्षा प्रदान गर्नु हो पीडित, पीडितका आफन्त र साक्षीहरुको सुरक्षा प्रदान गर्नु हाम्रो कर्तव्य भएको हुदा हामीले त्यसै किसिको जानकारी र सुरक्षा प्रदानको लागि नेपाल प्रहरीलाई अनुरोध गरिसकेका छौ ।

### ५.१.२ महेन्द्र नेपाल, प्रहरी उपरिक्षक(डीएसपी), गुल्मी जिल्ला

घटनाको प्रकृति हेर्दा ज्यादै नै वर्वर र अमानविय देखिन्छ । एउटा मादक पदार्थ खाएर सुतिरहेको अवस्थामा क्रुरर तरिकाले कुटिएको छ। यो घटनालाई हामीले ज्यादै नै गम्भिररुपमा लिएका छौ र गम्भिर तरिकाले नै अध्ययन गरिरहेका छौ । हाम्रो “ज्ञान, बुद्धि, विवेक, सिप, स्रोत र प्रविधिले भ्याएसम्म हामी यो घटनाको तथ्य पत्ता लगाएर दोषीलाई हदैसम्मको कार्यवाहीका लागि हामी लागि परेका छौ। घटनाका सन्दर्भमा तपाईहरू चुप लाग्नुस वा नलाग्नुस हामी चुप लागेर बस्नेवाला छैनौ, किनकि हामी त्यसैका लागि यो कुर्चीमा बसेको हो । किटानी जाहेरीका आधारमा २ जनालाई हिरासतमा लिएर उनीहरुको वयान प्रक्रिया अगाडी वढीरहेको छ। प्रमाण जम्मा गराउन जुटिरहेका छौ। त्यहाँका दलित वस्तीमा पनि मान्छेहरु विभाजित भएको देखिन्छ। सत्य तथ्य कोहि पनि वोल्न मानिरहेका छैनन । प्रत्यक्ष दर्शीहरुकै आधारमा हामी दोषीलाई कार्यवाही गर्न सक्छौ। जहिले पनि नेपाल प्रहरलि यस्ता किसिमका मुद्दाहरुमा मिलापत्र गराउछ भन्ने आरोप छ र केहि एकाध ठाँउमा भएका पनि होलान तर पनि पीडित आफै मेलमिलापमा अग्रसर भएको देखिन्छ। यो मुद्दा पनि असाढ २४ गते घटना भएको थियो। ४ दिन समम कसैले पनि मुद्दा दर्ताको लागि पहल गर्नु भएन पछि पत्रपत्रिका र सामाजिक संजालमा यो घटनाको वारेमा चर्चा भए पछि मात्र २८ गते जातीत भेदाभाव तथा छुवाछुत कसूर र सजाय ऐन अन्तरगत यो मुद्दा दर्ता भएको हो। यो मुद्दा दर्ता भएको दोश्रो दिन नै पीडक मध्येका एकजनालाई हामीले प्रक्रन सफल भएका हौ भने तेस्रो दिन अर्को पीडकलाई समातिएको हो। अहिले उनीहरु प्रहरीको हिरासतमा रहेका छन र अनुसन्धान प्रक्रिया जारी नै छ।

### ५.१.३ लक्ष्मण उपाध्यय/घिमिरेः जिल्ला सरकारी वकिलको कार्यालय गुल्मी

मुसिकोट नगरपालीकाको घटना आजको युगको एउटा कलंकको रुपमा लिन सकिन्छ। अहिलेको अवस्थामा पनि खाएको गिलास धोएन भनेर कुटपीट तथा विभेद गर्नु सभ्य समाजको लागि लाजमर्दो घटना हो। यो घटनाको विषयमा नेपाल

प्रहरीले अनुसन्धान मिशिल सरकारी वकिलको कार्यालयमा पठाएको छ । तर अनुसन्धानमा चित्त नवुझे पछि थप अनुसन्धानको लागि भनि पुनह अनुसन्धान गरि मिशिल पठाएको अवस्था हो र भोली मिति २०७४ श्रावण ८ गतेका दिन अदालतमा जादै छ । यस घटनाको मुल जरिया हेर्दा कुटपीट देखिए पनि जातकै आधारमा निर्घातरुपमा कुटिएको छ । सरकारी वकिल पक्ष भएर जति वहस पैरवी गरे पनि प्रहरीको अनुसन्धान र साक्षीकै वकपत्रका आधारमा वोल्ने हो । प्रत्यक्ष दर्शी र साक्षीहरु होस्टाईल भैदिएनन भने यो मुद्दामा हदैसम्मको कार्यवाही गर्न सकिन्छ । वास्तवमा यस्ता दोषीहरुलाई कडा सजाय दिनको लागि कानूनमा संसोधन हुन जरुरी छ । हाम्रो यो कानून जातीय भेदभाव तथा छुवाछुत सजाय र कसून ऐन पनि कुटपीट भन्ने शव्द नै छैन । हुन त यो मुद्दा ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा चलाउन सकिन्थ्यो सवै भन्दा जाहेरीवालाहरुले जाहेरी नै दिनु भएन भने ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा ठहर गर्न भने सजिलो छैन ।

**ख) जिल्ला स्थित राजनैतिक दल र नागरिक समाजसँग गरिएको छलफलः**

**५.२.१ कृष्ण सुनार, मुक्ति समाज गुल्मीः** जातीय रुपमा गरिएको कुटपीट र विभेद अति नै संवेदनशिल छ । यस्ता प्रकृतिका घटनाका दोषी जो सुकै भए पनि हामी एक जुट भएर लडन आवश्यक छ । हाम्रा केहि दलित साथीहरुले हाम्रो संलग्नता प्रति शंका गरे पनि हामी निरन्तररुपमा यो घटनालाई हामीले हेरिरहेका छौ र सवै साथीहरुलाई अनुरोध पनि छ कि हामी जातीय विभेदका घटनामा हाम्रो संगठन जहिले पनि अग्रपक्तिमा रहेको छ । यो घटनाको शुरुवात देखि हामी निरन्तर लागि रहेका छौ जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई भेटेर कुरा पनि गरिरहेका छौ । त्यसैले यस्ता किसिमका घटनाहरुको विरुद्धमा एक भएर सामना गर्नु पर्ने आजको आवश्यकता देखिन्छ ।

**५.२.२ धर्मा विक, राष्ट्रिय दलित मुक्ति मोर्चाः** हामी शुरुवात देखि नै यो मुद्दामा लागि परेका छौ । यो घटना घटेको जानकारी पाउन वित्तिकै हामी उपलव्ध साथीहरु वसेर प्रहरीले गाँउमा नै मिलापत्र नगरियोस भनेर हामी सजग हुदै प्रहरी प्रमुखलाई भेटेर सजग गराएका थियौ । आज एउटा दलित गिलास नधोएकै आधरमा निर्घात कुटिन्छ भने हामी राजनैतिक कार्यकर्ताले हाम्रो राजनैतिक प्रशिक्षणमा  जातीय विभेद सम्बन्धी कुराहरु पनि सिकाउन आजको आवश्यकता देखिन्छ ।  आज एउटा पार्टीको कार्यकर्ताले यस्तो जघन्य अपराध गर्दा सिङ्गो पार्टीले उसलाई संरक्षण दिनु राम्रो होइन र दिनु हुदैन । यसले दलित आन्दोलन कम्जोर गराउछ । यदि कुनै राजनैतिक दलको संरक्षण नपाएको भए पिडक कृष्ण कार्कीले निर्घात कुटेर पनि तीन तीन ठाउँमा औषधी उपचार गर्न ल्याउन थालेका घाईतेलाई अवरोध गर्ने थिएनन । यस्ता क्रियाकलापमा संलग्न कार्यकर्ताहरुलाई हामीले आफनो संगठन भित्र कार्वाही कार्यवाही गर्न जरुरी छ ।

**५.२.३ कमला वराल, दलित महिला संघ, गुल्मीः** मुसिकोट नगरपालीकाका दलितहरु आज पनि सार्वजनिक ठाँउमा खाएको गिलास धुनु भनेको नेपालकै विइज्जतको कुरा हो । त्यहाँका सर्वसाधारण दलित मात्र नभएर भर्खर सम्पन्न स्थानीय चुनावमा दलित महिला कोटाबाट उमेदवार वन्ने दलित महिलाहरुले पनि भोट माग्न जाँदा आफुले खाएको गिलास धोएका थिए । अव हामी आफै विचार गरौ हाम्रा राजनैतिक दलका कार्यकर्ता दलित प्रति कति सकारात्मक छन भनेर । यो घटनामा पिडक पक्षले पसल भित्र पिसाव गरेको, साउनी शोभा कार्की माथि हातपात गरेको भन्ने झुठा कुरा गरेर मुद्दालाई कम्जोर वनाउने खेलखेलेका छन भने पुलिस प्रशासन पनि अनुसन्धान विना नै त्यहि कुरालाई सहि मानेर मुद्दा अगाडी वढाएर दलित प्रति अन्याय गरेको प्रष्ट देख्न सकिन्छ । हामी दलित अगुवाहरु पनि पार्टीको झण्डा वोकेर आफै माथि भएको विभेदलाई पनि प्रतिकार गर्न सकिरहेका छैनौ यो हाम्रो लागि ठुलो घातक वनेको छ ।

**५.२.४ कृष्ण कार्की, पीडक मध्येका एकः** कृष्ण कार्की अहिले प्रहरी हिरासतमा छन । उनीसँग भेटनको लागि डिएसपीसँगको अनुरोधले भेट गराएका थिए । कृष्ण कार्की अन्दाजी वर्ष २१/२२ वर्षका युवक हुन । उनी यो मुद्दाका प्रमुख दोषी हुन । उनीको स्वभाव हेर्दा ज्यादै नै रिसाहा प्रकृतिका देखिन्थे । उनलाई त्यसरी मरणासन्न तरिकाले कुटदा पनि केहि नगरेको जस्तो वयान दिएका थिए । शुरुमा आफुले कुटदै नकुटेको र कर्णवहादुर जहिले पनि रक्सी खाने मान्छे हुन कतै लडेर चोट लागेको हुन सक्छ भन्ने किसिमको वयान गरेका थिए । उनले आफनो गाँउ र घरमा कुनै प्रकारको जातीय विभेद नहुने पनि वताएका थिए । कामी दमाई जो सुकै हाम्रो पसलमा आएर खाए पनि गिलास धुनु नपर्ने कुरा

वताएका थिए । हामीले कहिल्यै पनि कसैलाई पनि गिलास धुनु भनेर कर गरेका छैनौ । त्यस दिन पनि आमाले कर्णलाई कुनै प्रकारको वल गर्नु भएको थिएन । उसले पानी राखेको वाल्टीमा गएर पिसाव गरेपछि आमाले २ लौरी हान्नु भएको हो तर पछि ठुलो घाउ भने कतै लडेर भएको हो मैले त छोएको पनि छैन । गाँउले सवैले मलाई फसाएका हुन । ८१ वर्ष ओमवहादुर सिहं ठकुरीले पनि झुठो वोल्नु भएको हो । धेरै पछि जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, सरकारीवादी मुद्दा भएको हुदा तिम्रो भविश्य सम्बन्धी केहि अप्ठयारो पर्न सक्छ भन्ने जस्ता कुराले उनलाई वास्तविकता तिर ल्याएको देखिन्छ । अनि उनले वास्तविकता खोल्न थाले, आमा र कर्णको झगडा हुदा म थिएन । हाम्रो पसलमा पिसाव गर्ने, आमलाई दुरव्यवहार र हातपात गरि आमालाई कर्णको दाजुको पैसा किन लिस भनि चोर जस्ता आरोप लगाएको कारण म कर्णलाई सम्झाउन मात्र गएको हु कुटेको भने हैन ।

**५.२.५ झविलाल भण्डारी, स्थानीय शिक्षकः** मुसिकोट नगरपालीका भित्र छुवाछुतको व्यवहार अहिले सम्म छ । यहाँका सवै दलितहरुले आफुले खाएको भाँडा धुनु पर्छ । यो परम्परादेखि चल्दै आएको कुरा हो । यस घटनाका सम्बन्धमा म प्रत्यक्ष दर्शी त होइन तर पनि सुन्नमा आए अनुसार, कृष्ण कार्की अलि उच्छ्रृखल स्वभावका व्यक्ति हुन । यस घटनाको मुख्य दोषी कृष्ण भए पनि उस्काउने काम आमाले गरेको देखिन्छ । कर्ण सधै जसो मजदुरी गर्ने मानिस हुन वेलुकीतिर उनले रक्सी खाने गर्दछन । त्यस दिन भने विहान रक्सी खाएकै देखिन्छ । रक्सी खाए पछि उनले रक्सीको गिलास नधोएपछि शोभा कार्कीले कुटेकी थिइन भन्ने सुनिन्छ । एक लौरोले कुटेपछि कर्ण भाँडा धुन गए र उनी पानीको भाँडामा लडेर पानीका छिटाहरु उनको पसलमा आए र मेरो सवै पसल अनि सवै समान छोयो भनेर फेरी शोभाले कुटीन । छोरा आए पछि छोरालाई उक्साउने काम शोभाले गरेको देखिन्छ ।

**५.२.६ गणेश ठकुरी, स्थानीय पसलेः** यस्तो भाँडा धुने चलन नभएको होइन अहिले पनि छ तर मेरो पसलमा त्यसतो व्यवहार गरिदैन । आज पनि कति दलित समुदायका मानिसहरु आउनुहुन्छ खानुहुन्छ अनि भाँडा आफै धोएर जानुहुन्छ । उहाँहरुलाई वानी परिसकेको छ । हामीले भाँडा धुनुहोस भन्नै पर्दैन आफै उहाँहरु भाँडा धुनु हुन्छ । यो घटनामा भने कर्णले वढी रक्सी खाएर पानीका भाँडाहरु छोएकै कारण कुटाई खाएको हो भन्ने कुरा सुनेको छु ।

**५.२.७ टेकवहादुर कार्की, पीडक शोभा कार्कीका श्रीमान र कृष्ण कार्कीका वुवाः**

हाम्रो घर यो होइन यो किराना पसल हो यहाँ खुद्रा समान र मादक पदार्थहरु राखिएको छ । यो घटनाका दिन म र मेरो छोरा कृष्ण कार्की थिएनौं । मेरो छोरा वनारमा काम गर्दछ । म घरतिर किसानी काम गर्दछु भने मेरो श्रीमति शोभा कार्कीले यो पसल हेर्छिन । त्यस दिन कर्णवहादुर अन्यत्रबाटै रक्सी खाएर आएको रहेछ र हाम्रो पसलको वेन्चमा सुतिरहेको थियो । उसका दाज्यु भाउज्यूहरुले हाम्रो पसलको केहि रकम दिन वाँकी थियो त्यस दिन उसका दाजु भाउज्युले वृद्धभत्ता वुझेर आएका रहेछन र मेरो पसलको उधारो तिर्न लाग्दा मेरो दाजुभाउज्युको पैसा लुट्न लागेको भनेर कराइरहेको थियो । अनि उसलाई घरमा जाउ भनि भन्दा उठेर भाडाँ धुने ठाउँमा राखेको पानीको वाल्टिनमा पिसाव गरिरहेको रहेछ त्यो आवाज सुनेर मेरो श्रीमति त्यहाँ जाँदा पिसाव गरिरहेको देखेपछि २ लौरो हानेकै हुन । त्यसपछि कर्णको श्रीमति र अन्य केहि मान्छेहरु आएर कर्णलाई लिएका हुन । पछि मेरो छोरोले कुटनु गल्ति गरेकै हो म त्यसको उपचारको लागि तयार छु भने गाँउका सवै मानिसहरुसँग सल्लाह गरेर उसलाई सदरमुकाम लिने तयारी भैरहेको थियो । एक जना वहिनीले हामी उपचारमात्र होइन मुद्दा हाल्न पनि जाँदैछौ भने पछि गाँउमा मिलिसकेको कुरालाई फेरी मुद्दानै हाल्ने भए म किन तिमीहरुको पछि लागेर जानु भनेर घाइतेको पछि लागेर म उपचार गर्न गएको होईन । वास्तवमा भन्ने हो भने कर्णको गल्ति पनि छ उसले घरमा नै आएर पिसाव गर्नु राम्रो होइन । मैले उपचार गर्छु भन्दा भन्दै मुद्दा मामिला गरेका हुन । मेरो छोराको पनि गल्ति छ म माफी माग्छु भनेकै छु ।

**५.२.८ केशरवहादुर विक, स्थानीय वासीः** हामी दलित सवैले पसलमा कुनै पनि चिज खाएमा भाँडा धुनुनै पर्दछ । अहिले आफुलाई वचाउनको लागि केहि व्यक्तिहरुले यहाँ छुवाछुत छैन भने पनि हामी त सधै भाँडा धुने गरेका छौ । यो झगडाले हार्मा दलितहरुवीचमा एकता भएको छ । दलित एकता संजाल पनि गठन गरेका छौ । तत्काल दलित एकता

संजालको वैठक वसेर यस विषयलाई गम्भिर रुपमा लिएको छ। यो घटना ज्यादै अमानविय तरिकाले गरिएको हो यसमा राजनैतिक दलको संलग्नता भएको हुदा हामी एकजुट भएर यसका विरुद्धमा अघि वढेका छौ ।

**५.२.९ ओमवहादुर सिंह ठकुरी, प्रत्यक्ष दर्शी**ः म ८१ वर्षको वृद्ध हु मलाई झुठो वोल्नु छैन । कर्णे र शोभा कार्कीकावीच के विषयम झगडा भएको वास्तविकरुपमा मलाई थाहा छैन । शोभा कार्कीले लाठीले हानेको हुन भन्ने कुरा सुन्नमा आएको छ म त्यो झगडामा थिएन । त्यस दिन पसलमा झगडा परेपछि कर्णेलाई उसकी श्रीमति सुमित्रा नेपाली, धर्मापाल कटवाल्ली र गणेश खत्रीले वोकेर मेरो घरको दैलोमा सुताएक हुन । कर्णेलाई रक्सी लागेको थियो र उ गुन्द्रमा सुतिरहेको थियो भने उसको श्रीमति सुमित्रा नेपाली कार्कीको घरमा श्रीमानले खाएको गिलास धुनको लागि गएकि थिइन । गाँउमा पनि कोहि थिएनन किन कि गाँउमा वैठक थियो । त्यसपछि कृण्ण गाँउ भरी कर्णेलाई खोजीरहेको रहेछ र मेरा घर नजिक आएर वाजे कर्णे छ भनि सोध्यो मलाई के थाहा यस्ता झगडा हुन्छ भनेर मैले हो यहि छ सुतिरहेको छ भनेर भने । त्यो चोर कामी सार्कीले मेरो घरको पानीमा पिसाव गरेर आएर यहाँ पो सुतेको रहेछ भनेर लात्तिले हान्यो । किन हान्छस किसने भनि मैले भन्दा यसले रक्सी खाएर मेरो घरमा जथाभावि गरे छ भन्दै कुट्न थाल्यो । दैलो माथि सुतिरहेको मान्छेलाई कुट्दै तल झार्‍यो त्यति भएन भनेर लौरो, मुक्का र लातले कुट्न सम्म कुटयो । २ पटक तल झर्दै कुटेको हो । अनि मुखबाट र निधारमा गहिरो चोट लागेर रगत नै वग्यो अहिले पनि हाम्रो गुन्द्रीमा रगतका टाटाहरु छन । कर्णेले भो हजुर मलाई वाँच्न दिनुहोस मैले साउनीको मुखमुख लागेर गल्ती गरे मलाई वाँच्न दिनुहोस भन्दै हात जोडिरहेको थियो तर पनि कृष्णाले कुट्न छोडेर अन्त्यमा मर्‍यो भनेर कुट्न छोडेको हो । यहाँ कोहि मान्छे थिएनन छुटयाउनलाई म वुढो मान्छे मेरो काखमा नातीनी थियो र डरले नातीनी रोहिरहेकी थिई । मेरो श्रीमति पनि थिइन तर उनी हिड्न नै सक्दैनन । मैले धेरैपटक नकुट अव यो मरिहाल्छ भन्दा पनि मर्न दिनुहोस भन्दै कुटिरहेको थियो ।

**५.२.१० पूर्ण गिरी स्थानीय वासीः** म आफै यो घटनाको प्रत्यक्ष दर्शी त होइन तर सुने अनुसार शोभा कार्कीले हानेको चोटले कर्णवहादुर हिड्न नसक्ने भएको थियो । त्यो भन्दा वढी कुटाई भने कृष्णले गरेका हुन । अस्पतालले भने अनुसार कृष्णको कुटाईबाट नै ७ वटा करङ्ग भाँचिएको छ रे । अव उसको जीन्दगी अधा भईनै सकेको छ। काम गरेर खाने मान्छे आधा शरिरले कसरी जहान परिवार पाल्ने हो । यति सम्म मात्र कहाँ हो र गाँउको वैठक सकेर हामी सवै जना जम्मा भएर कर्णवहादुर आस्पताल लैजान खोज्दै थियौ कृष्ण आए र किन आमाले कुटिसकेपछि कुटेको भन्दा वढि नवोल एकलाई मारे पनि सजाय हुने नै हो तिमी पनि जाउला विना काल भनेर मलाई नै धम्काएको थियो । हामी सवै जना गाँउलेहरु मिलेर घाईतेलाई अस्पताल लिन खोज्दै थियौ पार्टीका कार्यकर्ता वोलाएर घाईतेलाई अस्पताल लिनमा  अवरोध गरेको थियो । हामी पुरुषहरुले घाइतेलाई लिदा ठुलो झगडा हुने भएकोले महिलाहरुले घाइतेलाई वोकेका थिए तर पनि महिला माथि पनि हातपात र दुरव्यवहार गरेका थिए पार्टीका मान्छेहरुले । महिला माथि हातपात र दुरव्यवहार गर्नेहरु मध्ये कृष्ण कार्की, खिमवहादुर र दालवहादुर हुन ।  तर पनि महिलाहरुले विरामीलाई गाडी सम्म लिन सफल भएर अहिले घाईते कर्णवहादुर भैरहवामा उपचार गराईरहेका छन ।

**५.२.११ सुमित्रा नेपाली, पीडितको श्रीमतिः**

विहान ८:०० वजेतिर मिठु नेपालीको चामल लिन जानु भएको हो । आउदा मिठु नेपालीले नास्ता खानाको लागि केहि रकम दिनु भए छ र उहाँ(श्रीमान)ले शोभा कार्कीको पसलमा वसेर तीन वोतल रक्सी खानु भए छ । साउनी शोभा कार्कीसँग सोधेर म एक छिन पछि यो चामल पुर्‍याउन सक्दिन अहिले म यो चमल छोडेर आउछु अनि मैले खाएका गिलासहरु धुन्छु भनि हिडन लाग्दा साउनी शोभा कार्कीले हुदैन अहिले नै धोएर जाने भनि पछि धुन रछ्यान तिर गएको मान्छेलाई लौरोले हिर्काउदा पानीको वाल्टीमा पर्नु भयो र शरिर सवै भिज्यो र उनले पानीमा पिसाव गर्‍यो भनि आरोप लागएकि हुन । त्यहि आरोपमा उनले हिड्न नै नसक्ने गरि कुटिन । त्यसपछि मैले र केहि अन्य व्यक्तिहरु मिलेर ओमवहादुर सिँहको घरमा राखेको किन कि घटना स्थलदेखि हाम्रो घर अलि टाढा छ र म कार्कीको पसलको भाँडा धुन गए तर त्यस समयमा कृष्ण कार्कीले मरणसन्न तरिकाले कुटेका हुन । वास्तवमा त्यहाँ पिसाव फेरेको, साउनीलाई हातपात गरेको केहि होइन जातकै आधारमा कुटिएको हो । चुनावमा भोट नहालेको रिस थियो ।

**६.स्थलगत भ्रमणका क्रममा भेटिएका तथ्यहरू :**

- परम्परा देखि नै चल्दै आएको जाती व्यवस्था आज पनि यस नगर क्षेत्रभित्र कायम रहेको देखियो ।
- यो घटनाको मुल कारण भनेकै जातीय विभेद नै हो ।
- मिति २०७४ असाढ २४ गते रक्सी खाएको गिलास नधोएकै कारण पीडितले अमानविय तरिका कुटाई खाएको देखिन्छ ।
- मिति २०७४ असाढ २४ देखि २८ गते सम्म उक्त घटनालाई गाँउमा मिलाउने तरिकाले कुरा अगाडी वढाएको देखिन्छ ।
- यस घटनामा राजनैतिक दलको पूर्ण सहायोग रहेको देखिन्छ । राजनैतिक दलका कार्यकर्ताले पीडक शोभा कार्की तथा उनका छोरा कृष्णा कार्कीलाई संरक्षण गरेको देखिन्छ । हिरासतमा नै हुदा पनि पिडक कृष्ण कार्कीमा पछुतो भन्ने शव्द नै देखिएन उनी भन्दै थिए म केहि दिनमा छुटेर देखाइदिन्छु ।
- साक्षी तथा प्रत्यक्ष दर्शीका अनुसार ओमवहादुर सिह ठकुरीको घरमा घटेको घटना ज्यादै नै निर्दिय र वर्वपूर्ण रहेको छ । प्रत्यक्ष दर्शी ओमवहादुर सिहं ठकुरीले भने झैं वास्तवमा रगतको खाल वगेपछि मात्र कुट छोडिएको छ ।
- पानीको भाँडामा पिसाव गरेको, साउनी शोभा कार्कीमाथि हातपात गरिएको भनिएको छ वास्तवमा पिडीत कर्णवहादुर पीडकको सामु ठाडो शिर गरेर हेर्न नै नसक्ने अवस्थाको मान्छेले कसरी यो हर्कत गर्न सक्ला यो त सरासर झुट कुरा हो भनेर स्थानीय शिक्षिकले जानकारी दिनु भयो ।
- राजनैतिक दलको आडमा घाईतेलाई औषधी उपचार नै गर्न नदिने तरिकाले ३ वटा ठाँउहरुमा अवरोध खडा गरिएको र दलित महिलाहरुमाथि हातपात गरिएको देखिएको छ ।
- घटनाको अनुसन्धान प्रक्रिया थालेको प्रहरीले अनुसन्धानलाई एकदम फितलो अनुसन्धान गरेको देखिन्छ ।
- पीडक शोभा कार्कीका श्रीमानले छोराको गल्तीलाई सहज तरिकाले स्वीकारी सकेको अवस्थामा पनि अनुसन्धान प्रक्रिया फितलो देखिएको छ ।
- आज पनि दलित समुदायका अधिकाँस मानिसहरुले मुसिकोट नगरपालीकाका पसल तथा सार्वजनिक ठाँउहरुमा खाएको भाँडा धुनु पर्ने अवस्था देखिन्छ ।

**७. घटनासँग आकर्षित कानूनहरू**

- नेपालको संविधानले प्रत्याभुत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८) र छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४) को हनन् भएको देखिन्छ ।
- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ को  धारा १ अनुसार राजनीतिक, आर्थिक सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्यले जाति, वर्ण, वंश वा राष्ट्रिय जातीय उन्पत्तीका आधारमा गरीने कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ भनिएको र धारा २ ले पक्षराष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रूपले जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्नुपर्ने व्यवस्था गरिएकोमा सो को विरुद्ध घटना भएको देखिन्छ ।

- जातीय भेदभाव तथा छुवाछुत(कसूर र सजाय) ऐन, वि.स. २०६८ को दफा ३( १र २), ४(२)(क) र ४(७) समेतको व्यवस्थाहरू कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन नहुने, कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत गर्न नपाईने, कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन नपाउनेसम्बन्धी व्यवस्थाको विरुद्ध घटना भएको देखिन्छ ।
- नागरिक अधिकार ऐन वि.स. २०१२ को दफा ३ अनुसार प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षणबाट कुनै पनि नागरीकलाई ईन्कार नगरीने हकको हनन् भएको देखिन्छ ।
- मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १ अनुसार कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था विरुद्धको कार्य भएको देखिन्छ ।

## ८. निष्कर्ष

घटनाको प्रकृति हेर्दा ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा हो । एउटा निर्दोष व्यक्तिलाई निर्घात रुपमा कुटीएको र उसले आफनो वाँच्न पाउने अधिकारलाई पनि वाँच्न नदिने तरिको अत्याचार देखिन्छ । एउटा सार्वजनिक ठाँउमा खाएको भाँडा नधोएको कारण राजनैतिक दलको आडमा कुटिएको अवस्था देखिन्छ । श्रम गरेर जीविका चलाउने मान्छलाई अरुको समान छोडन जान्छु र आएर भाडाँ धुन्छु भन्दा पनि जवर्जस्ती गरेको देखिन्छ ।

माथि उल्लेखित आधारहरुमा, घटनाको प्रकृति, प्रत्यक्षदर्शीहरुको भनाई तथा घटनाको पृष्टभुमि हेर्दा उक्त घटना नितान्त जातीय आधारमा घटाइएको हो । उक्त घटना दलित भएकै कारण र दलितले कुटाइ, पिटाईका साथै अन्याय सहनै पर्छ भन्ने पुरातन तथा समान्तवादी सोचका आधारमा श्रृजित घटना भएको देखिन्छ ।

## ९.सुझाव

- घटना सूनियोजित तरिकाले षडयन्त्रमूलक ढङगबाट भएकोले गहन तरिकाले घटनाको अनुसन्धान गर्नुपर्ने देखिन्छ । जिल्ला स्थित सरकारी कार्यालयको मनोभावना हेर्दा यस घटनालाई समान्य तरिकाले लिएको देखिन्छ । जातीय विभेदका घटनाहरुले कुनै समुदायको आत्मसम्मनमा ठेस लाग्ने कुरा नगरियोस ।
- यस घटनामा संलग्न व्यक्तिहरू र हत्याका मतियारलाई हदै सम्मको कानूनी कारवाही गरिनुपर्दछ ।
- उक्त घटना जातीय भेदभाव तथा छुवाछूतबाट अभिप्रेरित भई स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार, आत्म-सम्मान, मानवीय मर्यादा, अविभेद, न्याय र समानता जस्ता मानवअधिकारका मुलभूत सिद्वान्त विपरित घटाईएको हुनाले राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग लगायत मानवअधिकारका क्षेत्रमा कार्य गर्ने सबै सङघ संस्थाहरू समेत संवेदनशिल भई निपष्क्ष छानविन तथा कडा भन्दा कडा कानूनी कारवाहीका लागि संयुक्त रूपमा पहल गरिनुपर्दछ ।
- घटनालाई फितलो ढङगले अनुसन्धान गर्ने प्रहरीलाई तुरुन्त विभागीय कारवाही गरिनुपर्दछ ।
- पीडितको परिवार तथा उक्त घटनालाई प्रत्यक्ष देख्ने साक्षी, सर्जमिनका व्यक्तिहरू, मौकामा कागज गर्ने व्यक्तिहरूको जिउ ज्यानका सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ ।

- नेपाल सरकारले पीडीतका परिवारलाई उचित क्षतीपूर्तीको व्यवस्था गर्नुपर्दछ ।
- भविश्यमा यस्ता प्रकारका घटनाहरू दोहोरिन नदिनको लागि नेपाल सरकारले रणनीतिक योजना तथा कार्यक्रम सहित दलित समुदायको जिउ-धनको सुरक्षाका लागि विशेष पहल गरिनुपर्छ ।

**प्रतिवेदकहरुको नाम**

## राष्ट्रिय दलित आयोग

माननीय मञ्जित ताम्रकार, सदस्य, राष्टिय दलित आयोग

रामबहादुर विश्वकर्मा, कार्यक्रम अधिकृत, राष्टिय दलित आयोग

युवराज दर्नाल, दलित गैरसरकारी संस्था महासंघ

प्रदिप वज्राचार्य, आदिवासी जनजाती उत्थान प्रतिष्ठान

## संयुक्त राजनैतिक दलित संघर्ष समिति

टीकाराम दियाली, संयोजक, संयुक्त राजनैतिक दलित संघर्ष समिति

परशुराम रम्तेल, सह संयोजक राष्टिय दलित मुक्ति मोर्चा/पुर्व सभासद

गणेश विश्वकर्मा : महासचिव, मुक्ति समाज नेपाल तथा राष्ट्रिय दलित नेटवर्क

## दलित नागरिक समाज

शिवजी गायक, जागरण मिडिया सेन्टर

रवि विश्वकर्मा, नेपाल राष्टिय दलित समाज कल्याण संघ

गोपाल नेपाली, समता फाउण्डेशन

## १० अनुसुचिहरु

१. पत्रपत्रिका तथा सामजिक संजालमा प्रकासित समचारहरु

http://www.ebaglung.com/archives/10815

http://www.everestdainik.com/2017/07/104362/







**Figure 1Meeting with CDO and DSP at Gulmi**

**Figure 2 Shova karki's shop.**






**Figure 3Sumitra Nepali  Karnabahadur's wife.**